# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं.: ४०६०

मिति : २०८२/०६/२६

**विषय** : एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा ।

श्री वडा अध्यक्ष ज्यु ७ जना सवै , तथा शाखा प्रमुख सवै म्याग्दे गा.पा. तनहुँ ।
श्री स्वास्थ्य शाखा लगाएत स्वास्थ्य सस्थाहरु म्याग्दे गाउँपालिका तनहुँ ।
एम्वुलेन्स चालक श्री टेकनारायण श्रेष्ठ म्याग्दे गाउँपालिका तनहुँ ।
श्री म्याग्दे वासी सरोकार स्थानीय नागरीक सवै ।

प्रस्तुत विषय सम्बन्धमा विगत वर्षमा सुत्केरी, (क) वर्गको अपाङ्ग, अति गरिव र जेष्ठनागरीक लाई स्थानीय स्वास्थ्य सस्था सहित पोखरा, दमौली, भरतपुर पुर्‍याउने, गरी एकतर्फि रुपमा निशुल्क एम्वुलेन्स सेवा दिने गरिएको विषय सर्वविदितै छ । वढ्दो इन्धन खर्च,/ वार्षिक रुपमा हुने एम्वुलेन्स मर्मत खर्चमा भएको वृद्धि /, सक्षम तथा आर्थिक रुपमा सम्पन्न व्यक्ती तथा परिवार ले पनी यदाकदा निशुल्क रुपमा प्रयोग गर्नेगरेको भनि आएको गुनासो,/ सहित चालु वर्षको वजेटको नीति, वर्तमान राजनीतिक अवस्था , आर्थिक संकुचन सगै चालुखर्चमा भएको कटौती, अध्यक्ष र उपाध्यक्ष सग जनता कार्यक्रम सहित लक्षीत वर्ग कार्यक्रम समेत वाट दिईने अनुदान, र स्थानीय स्तरमा हालैको वजेट अनुसार गरिने स्वास्थ्य परिक्षण तथा घुम्तीशिविर, समेत लाई मध्यनजर गरी तपशिल बमोजिम एम्वुलेन्स सेवा प्रदान गर्नु गराउनुहुन तथा यसै अनुसार सुविधा समेत लिनुहुन म्याग्दे वासी सम्पुर्ण सवैलाई हार्द्धिक अनुरोध गरिन्छ ।

**एम्वुलेन्स चालक न. ९८१३३२८०२३/९८५६०६२२४६**

श्रीप्रसाद श्रेष्ठ
( अध्यक्ष )

**तपशिल**

१, सुत्केरी हुने महिलाको हकमा स्थानीयस्तरका स्वास्थ्य सस्थामा सुत्केरी गराउने वा पोखरा, दमौली, भरतपुर अस्पताल लाने गरी घरवाट,लादा वा ल्याउदा ( एक तर्फि) मात्र निशुल्क एम्वुलेन्स सेवा प्रदान गर्ने ।
२,असाध्ये रोग (८) अर्न्तगतका कडा रोगी, (क) वर्गका अपाङ्ग, र ७० वर्ष माथीका जेष्ठ नागरीक व्यक्तीको उपचार स्थानीय स्वास्थ्य सस्था तथा उपचार सम्भव नहुने अवस्था सगै पोखरा, दमौली, भरतपुर लानुपर्ने भएमा ( लादा वा ल्याउदा ) (एकतर्फि ) मात्र एम्वुलेन्स सेवा वर्षमा २ पटक सम्मको लागी निशुल्क गर्ने ।
३, भिर तथा रुखवाट लडेका, सर्पले टोकेका बिरामी तथा अति कमजोर आर्थिक अवस्था, सहित जटील स्वास्थ्य स्थीती भएको कारण वाट स्थानीय स्तरमा उपचार हुने सम्भव नभई पोखरा, दमौली, भरतपुर र काठमाण्डौ लानुपर्ने अवस्था भएका जुनसुकै उमेर समुहका स्थानीय व्यक्ती लाई वडा र स्वास्थ्य शाखाको सिफारीस अनुसार अध्यक्ष उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वाट तोक आदेश भएमा मात्र ( लादा वा ल्याउदा ) एक पटक मात्र एम्वुलेन्स सेवा निशुल्क गर्ने ।
४,माथी उल्लेखीत वाहेकका स्थानीय व्यक्ती र गाउँपालिकाका पदाधिकारी कर्मचारी कसैलाई पनि निशुल्क एम्वुलेन्स सेवा प्रदान नगर्ने , शशुल्क सेवा प्रदान गर्ने ।

श्रीप्रसाद श्रेष्ठ
अध्यक्ष